# बरहथवा नगरपालिकाको

# सामाजिक समावेशीकरण नीति २०७९

बरहथवा नगरपालिका

सर्लाही, मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

# बरहथवा नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाजको निर्माण गर्न यस गाउँपालिका नगरपालिका र यस अन्तर्गतका सबै क्षेत्रगत विषयहरुमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरुलाई नीतिगत तथा कानुनीरुपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । मुलुकले संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको सन्दर्भमा सम्वद्ध विषय क्षेत्र र अन्तर्गत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरुलाई समावेशीमैत्री वनाउन यो सामाजिक समावेशीकरण नीति जरुरी भएको छ ।

यस सन्दर्भमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ । सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न यसका समग्र क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्वोधन गर्ने नीतिको आवश्यकता महसूस भएकाले प्रस्तुत सामाजिक समावेशीकरण नीति, २०७९' तर्जुमा गरी लागू गरिएको छ ।

## २. विगतका व्यवस्था र प्रयासहरु

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु, सामाजिक, आर्थिक वा शैक्षिक रुपमा पछाडि परेको व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ । यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच वढाउन, राज्यको हरेक संरचना एवम् निमार्ण प्रक्रिया तथा सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागतरुपमा सञ्चालन भएका छन् । दशौं योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्वन्धित विषय (Cross-cutting issues) का रुपमा स्थान दिईएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुन:संरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरुलाई समाधान गर्न संकल्प गरे अनुरुप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रुपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यस अनुरुप समावेशीकरण सम्बन्धी संरचनाहरु स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यन्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्वोधन गर्न स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ लगायतका

कानूनहरु र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरुपमा उल्लेख भएको छ । साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरुप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिक हक सम्बन्धी कानुनहरु सङ्घीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ । स्थानीय तहका विभिन्न पदहरुमा समेत जातीय, लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता पछाडी परेका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकोले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ ।

विगत देखिनै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरुपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निःशर्त पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । साथै तत्कालीन स्थानीय निकायहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय मुसहर, माझी, दलित, अपाङ्गता समन्वय सम्बन्धी संरचनाहरु गठन गरी ती समुदायलाई संस्थागतरुपमा शासकीय संरचनामा आवद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालन मार्फत् आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरु भएको पाईन्छ ।

पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्रअन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरु लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समातामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ । साथै, उक्त योजनाको अन्तरसम्बन्धि विषय अन्तगतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसमेत निश्चित गरी कार्यन्वयनमा लैजान जोड दिइएको छ । योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सुचाकाङ्को आधारमा पछाडि परेका समुदायहरुको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ ।

## ३. वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, मुसहर, माझी, दलित, आदीवासी जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको

आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । नेपालको संविधान नै अन्य आयोगहरुको व्यवस्था गरि समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ ।

पन्धौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ । प्रदेशगत गरिबी हेर्दा प्रदेश नं.१ र सुदुरपश्चिम प्रदेशको गरिबीको रेखामुनि रहेको जनसङ्ख्या प्रतिशतबिच झन्डै तेब्बरको अन्तर रहेको देखिन्छ । मुलुकको मानव विकास सुचकाङ्क ०.५७९ रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समुहहरुबीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ ।

जनसाङ्ख्यिक विविधतालाई अध्ययन गर्दा मुलुकको पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम कुल जनसङ्ख्याको १ प्रतिशतभन्दा कम जनसङ्ख्या हुने विभिन्न जातजातिहरुको संख्या १११ भन्दा बढी रहेको छ । भाषागत विविधता हेर्दा नेपालमा करिब १२३ भन्दा बढी मातृभाषाहरु रहेको देखिन्छ । नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ भन्दा बढी धर्मालम्वीहरु रहेको देखिन्छ । यी आंकडाहरुले नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको दर्शाउदछन् । यी विविधता भित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आयवर्गबीच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्य रुपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ । यसर्थ समावेशी विकासको मान्यालाई आत्मसात गरी यी असमानताहरुलाई सम्वोधन गर्न सबै क्षेत्र र अन्तर्गतका निकायहरुलाई अझै बढी प्रभावकारी रुपमा परिचालन गर्न आवशयक देखिएको छ ।

त्यसै गरी नेपालका वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन बमोजिम प्रदेशगत रुपमा जनसंख्याको वितरण सबैभन्दा धेरै जनसंख्या मधेस प्रदेशमा कुल जनसंख्याको २०.९९ प्रतिशत जनसंख्या बसोवास गरेको देखिन्छ । मधेश प्रदेशमा पर्ने बरहथवा नगरपालिकाको प्रोफाईल २०७५ अनुसार बरहथवा नगरपालिकाको कुल घरधुरी १३,८६३ रहेको छ भने कुल जनसंख्या ८४,५२२ रहेको छ । जसको जनघनत्व ७८९.६३ वर्ग किलोमिटर रहेको छ जहां करीव ९ वटा भाषीक समुदायका मानिसहरुको वसोवास रहेको छ । जसमध्ये करीव ९३.४१ प्रतिशत हिन्दु रहेका छन् भने दोश्रो स्थानमा बौद्ध धर्म मान्नेहरु छन् । बरहथवा नगरपालिकामा लगभग ५० जातजाती भन्दा बढीको वसोवास रहेको पाईन्छ । यहां पनि मुसहर, माझी, दलित तथा जनजातीहरुको सामाजिक, आर्थिक र राजनैतिक समस्या राष्ट्रिय स्तरको समस्या जस्तै भएकोले समावेशी विकासको मान्यतालाई आत्मसात गरी यी असमानताहरुलाई सम्वोधन गर्न स्थानीय स्तरमा सामाजिक समावेशीकरण नीतिको आवश्यकता महसुस गरिएको हो ।

## ४. समस्या तथा चुनौतीहरु

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण नीति अवलम्वन गर्न आवश्यक छ । यस सन्दर्भमा समामजिक समावेशीकरणका मुख्य समस्याहरुमा सामाजिक समावेशीकरण सम्वन्धी एकीकृत नीति तर्जुमा नहुनु, स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम् क्षेत्रको न्यायोचित पहुंच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि



Scanned with CamScanner

आवश्यक खण्डीकृत तथ्याङ्को अभाव रहनु, पछाडि परेका वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिक रुपमा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सुचकहरुलाई समावेश गर्न नसकिनु, विभिन्न लक्षित वर्ग, क्षेत्र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु, विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय जातजाति बिच हुने व्यवहारगत विभेद हट्न नसक्नु लगायत रहेका छन् ।

त्यस्तै मुख्य चुनौतिहरुमा सामाजिक समावेशीकरणको अवधारण सरोकारवालाहरुबीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यन्वयनमा संलग्न निकायहरुबीच प्रभावकारी समन्वय गर्नु, स्रोत साधन, अवसर र लाभमा पछाडि परेको सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु, पछाडी परेको वर्ग, क्षेत्र, उमेर, लिङ्ग, र जातजातीमा व्याप्त गरिबी घटाउनु, विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु रहेका छन् ।

## ५. नीतिको आवश्यकता

सामाजिक समावेशीकरणमा देखिएका चुनौतिहरुको सामना एवम् समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छ :

१. संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रवर्द्धन गर्न,
२. समावेशीकरण सम्बन्धी नीतिगत एकरुपता र सामन्जस्यता कायम गर्नु,
३. नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न,
४. नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
५. समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन,
६. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका समावेशकिरण सम्बन्धी प्रतिवद्धता अनुरुपको दायित्व लाई स्थानीयकरण गरी पूरा गर्न,
७. लोकतन्त्रका लाभहरुलाई सबै नागरिहरुबीच न्यायोचित वितरण व्यवस्था मार्फत स्थानीय स्तरमा सामाजिक न्याय स्थापना गर्न ।

## ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीरकण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरु निम्नानुसार रहने छन् :

### ६.१ दीर्घकालीन सोच

स्थानीय स्तरमा सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण ।

### ६.२ दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई सबै अवयवहरुमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै यसको स्थानीय स्तरमा संस्थागत सुदृढीकरण गर्ने ।



Scanned with CamScanner

६.३ उद्देश्य

आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय व्यक्तिहरुको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने ।

## ७. रणनीतिहरु

७.१ सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने ।

७.२ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुंच नभका सिमान्तकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।

७.३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

७.४ उपलब्ध स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

७.५ सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ८. नीति तथा कार्यनीतिहरु

रणनीति १: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने ।

८.१.१ स्थानीय अवश्यकता अनुकुल हुने गरि सामाजिक समावेशीकरण सम्वन्धी नीति, कानुन तथा कार्यविधिहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

८.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरुप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुनी, नीति, योजना, रणनिति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ ।

८.१.३ मौजुदा कानुनहरुलाई समय सापेक्षरुपमा समावेशीमैत्री वनाउन आवश्यकता अनुरुप पुनरावलोकन गरि परिमार्जन गरिनेछ ।

८.१.४ समावेशी सम्वन्धी कनुनी तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्वद्ध सरोकारवालाहरुसँग परामर्श तथा समन्वय गरिनेछ ।

८.१.५ नेपाल पक्ष भएका यससम्वन्धी अभिसन्धिहरु अनुरुपका दायित्वहरुलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ ।

८.१.६ आर्थिक, सामाजिक तथा भौगोलिक रुपले पछाडि परेका नागरिकहरुको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानूनहरुमा परिमार्जन गरिनेछ ।

८.१.७ सामाजिक समावेशीकरणको अवधारणलाई स्थानीय गैह्र सरकारी संस्था र सरोकारवालाहरुको नीति तथा रणनीतिमा आत्मासात् गर्न पहल गरिनेछ ।

८.१.८ सहकारी, सामुदायिक, गैहसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरि परिचालन गर्न ती निकायवाट संचालित समावेशीकरण सम्वन्धी योजना तथा कार्यक्रमलाई स्थानीय तहको योजना प्रक्रियामा आवद्ध गरिनेछ ।



Scanned with CamScanner

८.१.९ टोल तथा बस्ती स्तरदेखि नै स्थानीय समुदायको पहिचान गरि लक्षित समुहमार्फत सहभागीतामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

८.१.१० समावेशीकरणका लागि विभिन्न निकाय वा संघ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।

८.१.११ सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ।

८.१.१२ समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

८.१.१३ विद्यमान संरचनाहरुमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरुलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

८.१.१४ सामाजिक समावेशकिरण सम्पर्क पदाधिकारी (Focal Person) तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरि सुचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

८.१.१५ जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि भइरहेका संरक्षण गृहहरुको संरक्षण र उपयोग गर्दै आवश्यकतानुसार नयाँ संरचना स्थापना र सञ्चालन गरिनेछ।

८.१.१६ पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरुको सहभागीतामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.१.१७ जोखिम तथा पारिवारिक हिंसामा परेका ,महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका, लगायत अभिभावक विहिन नागरिकको संरक्षण, पुनःस्थापना तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ।

८.१.१८ प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरुको पहिचान गरि सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तीकरण गर्न सामुदाय, सहकारी तथा गैहसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ।

८.१.१९ सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरु र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्यगत आवश्यक योजना तर्जुमा गरि कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ।

८.१.२० उत्पीडीत तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास, आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाइ कार्यान्वयन गर्न सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरुलाई समेत परिलक्षित गरिनेछ।

८.१.२१ आवश्यतामा आधारित भई समावेशी विकास प्रकयामा योगदान पुर्याउन विकास साझेदार, सहकारी तथा गैहसरकारी संस्थाहरसँग सहकार्य गरिनेछ। आवश्यकता र प्राथकिता क्षेत्रमा मात्र सामुदायिक तथा गैहसरकारी संघ संस्थालाई परिचालन गरिनेछ।



Scanned with CamScanner

८.१.२२ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरि सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८.१.२३ प्रत्येक वडामा रहने टोल विकास संस्थाहरुको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ । सम्भव भए सम्म पछाडि परेका वर्गहरुको जातजातीको आधारमा छुट्टै टोल विकास संस्था गठन गर्न सकिने छ ।

८.१.२४ टोल विकास संस्था, उपभोक्तता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरुलगायतलाई क्षेत्रगत कार्यक्रमहरुमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयतात्मकरुपमा परिचालन गरिनेछ ।

८.१.२५ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

८.१.२६ सामाजिक समावेशीकरण नीतिहरुको प्रभाव र परिणामका सम्बन्धमा आवधिकरुपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ ।

**रणनीति २:** नीति निमार्ण तथा निर्णय प्रक्रियामा पहुंच नभएका सीमान्तकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।

८.२.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, बहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग, र समुदायको पहिचान गरी वडागत आवधिक खण्डीकृत तथ्याङ्क राखिनेछ । साथै वडागत खण्डीकृत तथ्याङ्को आधारमा सबै वडाहरुको एकीकृत तथ्याङ्क डाटावेस तयार गरिनेछ ।

८.२.२ पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत तथ्याङ्क सङ्कलन, विश्लेपण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित सूचना प्रणाली (Real Time Basis-Online Information System) को डिजाइन तथा विकास गरि कार्यान्वयन गरिनेछ ।

८.२.३ सामाजिक समावेशीकरणको अवस्था तथा पछाडि परेकाहरुको तथ्याङ्क सूचना प्राप्त हुने गरी विद्यमान प्रतिवेदन प्रणालीहरुमा समावेशी सूचकहको विकास गरी एकीकृत गरिनेछ ।

८.२.४ नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याङ्कका आधारमा दोहोरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्क गरिनेछ ।

८.२.५ सुचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ ।

८.२.६ समानुपातिक समावेशी सिद्धान्तबमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरुमा पुनरावलोकन गरी भईरहेको कानुन परिमार्जन तथा आवश्यकता अनुरुप नयाँ कानुन तर्जुमा गरिनेछ ।



Scanned with CamScanner

८.२.७ योजना प्रक्रियाका चरणहरु लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि, तथा मापदण्डको परिमार्जन तथा तर्जुमा गरिनेछ ।

८.२.८ लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भईरहेको कार्यविधि तथा मापदण्डहरुको पुनरावलोकन गरी परिमार्जन गरिनेछ । साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गरिनेछ ।

८.२.९ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रवीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.१० पछाडि परेका वर्गहरुको आधारभूत तथ्याङ्का आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ । साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ ।

८.२.११ लक्षित समुदायहरुलाई योजनाको मूल्याङ्कन लगायत सोबाट सिर्जित लाभ लिन तथा अवसरहरुको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ ।

८.२.१२ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरुपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.१३ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ ।

८.२.१४ लक्षित वर्गको क्षमता विकासका लागि नगरपालिका क्षेत्र भित्र क्रियाशील गैह्रसरकारी संस्था, नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरिनेछ ।

रणनीति ३: पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

८.३.१ विभिन्न लक्षित वर्ग र समुदायवीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

८.३.२ लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरु सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

८.३.३ सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८.३.४ समाजमा विद्यमान सवै प्रकारका भेदभावजन्य व्यवहार छुवाछुत र कुरीतिको अन्त्यका लागि आवश्यक कानुनहरुको तर्जुमा गरिनेछ ।

८.३.५ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।



Scanned with CamScanner

८.३.६ सामाजिक आचरण र व्यवहारसम्बन्धी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

८.३.७ सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरुको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरी कानूनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ ।

८.३.८ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ ।

**रणनीति ४:** उपलब्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

८.४.१ महिला तथा विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरुका लागि सीप विकास तालिम, छात्रावृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।

८.४.२ आर्थिक तथा सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

८.४.३ असहाय अवस्थामा रहेका एकल महिलाहरुको पहिचान गरी उनीहरुको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.४ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्कारणमा परेका तथा हिंसा पीडित महिलालाई पुनर्स्थापना, संरक्षण र स्वावलम्वन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.५ प्रजनन अवस्थाका सेवा सुविधाहरुको सुनिश्चितता गर्न, बालबालिकाहरुको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र पारिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरुपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.६ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह बचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिनेछ ।

८.४.७ लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरुपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.८ आर्थिक, सामाजिमक तथा सांस्कृतिकरुपले पिछडिएका वर्ग तथा नागरिकहरुलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवसाय मार्फत उनीहरुको जीवनस्तर अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

८.४.९ स्थानीयस्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ ।

८.४.१० लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ ।

८.४.११ गुरुकुल आश्रम, वेद विद्याश्रम, गोन्पा(गुम्बा), मदरसा लगायतका धार्मिक शैक्षिक संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।



Scanned with CamScanner

८.४.१२ स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरुको वैज्ञानिक अध्ययन, अनुसन्धान गरी अभिलेख तथा संरक्षण गरिनेछ ।

८.४.१३ गुठी, संग्रहालय, कला केन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गर्न लायक सकारात्मक महत्वका परम्परागत ज्ञान सिप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१४ लोपोन्मुख, सीमान्तकृत, अल्पसङ्ख्यक लगायत विपन्न वर्गको पहिचान गर्दै उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि व्यवस्था गर्दै ती समुदाय तथा वर्गसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरुलाई सहभागी गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१५ आदिवासी, जनजाती, दलित, मधेसी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यमा सलग्न विभिन्न निकायहरुको संस्थागत सुदृढिकरण र क्षमता अभिवृद्धि गरिनेछ ।

८.४.१६ आदिवासी, जनजाती, दलित, मधेसी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जातजातीको लोपोन्मुख भाषा एवम् सकारात्मक संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्वन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१७ स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्न सम्वद्ध गैह्रसरकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

८.४.१८ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरुपले विपन्न वर्गलाई प्राथकिता दिई कार्यक्र सञ्चालन गरिनेछ ।

८.४.१९ वडा कार्यालयहरुमार्फत् जोखिम र पारिवारीक हिंसामा परेका व्यक्तिहरुको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ ।

८.४.२० जोखिम र हिंसामा परेका व्यक्तिहरुलाई परिवार र समाज पुनर्स्थापना गर्नु आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनेछ ।

८.४.२१ अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणसम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ ।

८.४.२२ लैङ्गिक संवेदनशील विषयहरुको पहिचान गरी सो अनुरुप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याउनेछ ।

८.४.२३ भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाइ तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२४ लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तीकरण गरिनेछ । साथै स्थानीयस्तरमा रहेको पुनर्स्थापन केन्द्र तथा सेवा केन्द्रहरुको सुदृढिकरण गरिनेछ ।

८.४.२५ अपाङ्गमैत्री, बालबालिकामैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निमार्णको सुनिश्चितताका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

८.४.२६ पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२७ सामाजिक समावेशीकरण सम्बन्धी चेतनामुलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरु निर्माण गरी परिचालन गरिनेछ ।

८.४.२८ जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी सघं संस्थाहरलाई समेत परिचालन गरिनेछ ।

८.४.२९ सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरिनेछ ।

८.४.३० समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सबै वडाहरुमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरुप लागू गर्न प्रेरित गरिनेछ ।

रणनीति ५: सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

८.५.१ लक्षित कार्यक्रमको सञ्चालन गर्न सम्वद्ध निकाय तथा पदाधिकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढिकरण गरिनेछ ।

८.५.२ लक्षित कार्यक्रमको सञ्चालन गर्ने निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरुको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सुची तयार गरि स्रोत साधनको प्रक्षेपण गरिनेछ ।

८.५.३ सबै वडाहरुमा समावेशीकरण सम्वन्धी एकीकृत सूचना व्यवस्थापना प्रणाली विकास गरी यस क्षेत्रसंग सम्वन्धित सुचनाहरु आदान प्रदान गरिनेछ ।

८.५.४ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरुको पहिचान तथा दस्तावेजीकरण गरि प्रचार प्रसार गरिनेछ ।

८.५.५ सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरुवाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रवीच अनुभव आदान प्रदान गरिनेछ ।

८.५.६ समावेशीकरणका लागि अन्तराष्ट्रिय संघसस्थासग भएका अभिसन्धि र द्विपक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरुको स्थानीयकरण गरी कार्यान्वयनमा जोड दिइनेछ ।

८.५.७ समावेशीकरणका राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यास तथा अनुभवहरुको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याईनेछ ।



Scanned with CamScanner

## ९ संस्थागत व्यवस्था

९.१ यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्यवन गर्न निम्न बमोजिम सामाजिक समावेशीकरण नीति निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| ▪ नगरपालिकाका प्रमुख | -संयोजक |
| ▪ नगरपालिका उपप्रमुख | -सदस्य |
| ▪ प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ▪ सामाजिक विकास समितिका संयोजक | -सदस्य |
| ▪ कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना | -सदस्य |
| ▪ सामुदायिक सघसंस्थाहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना | -सदस्य |
| ▪ सामाजिक विकास विभाग/ शाखाका प्रमुख | -सदस्य सचिव |

सामाजिक समावेशीकरण नीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।
२. नीति कार्यान्वयनका लागि सम्वद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने ।
३. सामाजिक समावेशीकरण सम्वन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्वन्धी व्यवस्था गर्ने ।
४. सामाजिक समावेशीकरण सम्वन्धी कार्यको अनुगमन गर्ने गराउने ।
५. सामाजिक समावेशीकरण सहयोगी नीतिहरुसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।
६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने ।
७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।
८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने ।
९. सरकारी तथा गैह्रसरकारी सघसंस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुर्याउने ।
१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश



Scanned with CamScanner

११. अन्तर्राष्ट्रिय रुपमा गरेको सामाजिक समावेशीकरणसंग सम्बन्धीत प्रतिवद्धताहरु स्थानीय स्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुर्याउने ।

१२. आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरण कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

१३. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने ।

समितिको वैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९.२ *नीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्था :*

निर्देशक समितिको निर्देशनमा सम्वन्धित शाखा एवं निकायबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईनेछ । अनुगमन तथा सुपरिवेक्षण समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ ।

## १०. नीतिको मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ । सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ ।

## ११. सम्भावित जोखिम न्यूनीकरण योजना

उल्लेखित रणनिति तथा कार्यनीतिहरु कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिनेछ:

| क.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवारी निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय पालिका तथा वडाको कम प्राथमिकतामा पर्न सक्ने । | नीति, मार्गदर्शन एवं वार्षिक योजना तथा कार्यक्रमबाट प्राथमिकतामा राख्ने । | सम्वद्ध शाखा एवं सम्वन्धित वडा कार्यालय तथा सहयोगी संघसस्थाहरु । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | |
| ३. | नीति कार्यान्वयनमा संलग्न निकायहरुबीच प्रभावकारीरुपमा समन्वय नहुन सक्ने । | नीति निर्देशक समितिको नियमित वैठकको व्यवस्था गर्ने । | |
| ४. | सामाजिक समावेशीकरण सम्बन्धी | सचेतनामूलक तथा क्षमता अभिवृद्धिका | |

| | | |
|---|---|---|
| बुझाइमा विविधता हुन सक्ने । | [illegible] सञ्चालन गर्ने । | |
| समावेशीकरण प्रवर्द्धन लक्षित कार्यक्रमहरुलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नहुन सक्ने । | आवश्यकता स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने । | |

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश



Scanned with CamScanner